**नेपाल सरकार**
**सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय**
**जिल्ला विकास समितिको कार्यालय**
**नवलपरासी**

प्रथम पटक सूचना प्रकाशित मिति : २०७३/१०/१७

## आ.ब. २०७३/७४ को लागि बरामद गरिएको नदीजन्य पदार्थ लिलाम बिक्री सम्बन्धी सूचना :

यस कार्यालयबाट बरामद गरिएका जिल्लाका नदी तथा खोला किनार र आसपासमा रहेका तपसिल बमोजिमको स्थानका नदीजन्य पदार्थहरु अधिकतम प्रतिस्पर्धाको माध्यमबाट शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकोले न्यूनतम अंक रु.१० (दश) लाख सम्म ईच्छुक व्यक्ति वा फर्मले र न्यूनतम अंक रु.१० (दश) लाख भन्दा बढीको ठेक्काको हकमा भ्याटमा दर्ता भएको कम्पनी वा फर्मले आफूले लिन चाहेको ठेक्काको बोलपत्र फारम खरीद गर्ने अन्तिम मिति सम्म निवेदन तथा ना.प्र.प. र भ्याटमा दर्ता भएको प्रमाणको प्रतिलिपी (नोटरी पब्लिकबाट प्रमाणित) संलग्न राखी कार्यालयमा तपसिलमा उल्लेख गरे बमोजिमको नगद रकम बुझाएको रसिद वा राष्ट्रिय वाणिज्य बैंक परासी शाखाको आन्तरिक आय खाता नं.४३०१/ग४-३ मा जम्मा गरी (पछि फिर्ता नहुने गरी), कम्पनीको हकमा आ.ब. ०७३/७४ का लागि नविकरण भएको फर्म वा कम्पनीको ईजाजत पत्र र आयकर दर्ता प्रमाण पत्र, मूल्य अभिबृद्धि कर, दर्ताको प्रमाण पत्र, आ.ब. ०७२/७३ सम्मको कर चुक्ताको प्रमाणहरुको नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपीहरु संलग्न राखी ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुबाट वा निजको प्रतिनीधिले कार्यालय समय भित्र रितपूर्वक निवेदन दिई यस कार्यालयबाट बोलपत्र खरीद गर्न सक्ने छ । अधिकार प्राप्त प्रतिनीधि मार्फत् बोलपत्र प्रकृयामा भाग लिन अनिवार्य रुपमा अधिकार पत्र (Power of Attorney) पेश गर्नु पर्नेछ ।

**तपसील :**

**(क) इलाका प्रहरी कार्यालय परिसर, दुम्किबाँसमा बरामद गरी राखेको परिमाण :**

| क्र.सं. | नदीजन्य पदार्थको किसिम | परिमाण (घ.फि.) | न्यूनतम मूल्य ( मूल्य अभिबृद्धि कर र अग्रिम आयकर बाहेक) रु. | बोलपत्र दस्तुर | बैंक जमानत |
|---|---|---|---|---|---|
| १. | ढुंगा | ६०० | | ३००.०० | २८०१.३२ |
| २. | बालुवा | ६४०३.३२ | | | |
| | जम्मा | ७००३.३२ | २८०१३.२८ | | |

**(ख) बेणिमणिपुर गा.वि.स.विनयी खोलाको पूर्व दिशामा वडा न ९, पिडारी भन्ने टोलमा रहेको परिमाण :**

| | | | | | |
|---|---|---|---|---|---|
| १ | ढुंगा | २५४०१.६ | | २०००.०० | १४००२४१.२८ |
| २. | बालुवा | १०००० | | | |
| ३. | ग्राभेल : | | | | |
| | थुप्रो नं. १ | ३४५४६१७.६ | | | |
| | थुप्रो नं. २ | १०५८४ | | | |
| | जम्मा | ३५००६०३.२ | १४००२४१२.८ | | |

**(ग) नयाँबेलहानी गा.वि.स. अरुणखोलाको पूर्व दिशामा वडा नं. ९, करसल टोलमा रहेको स्टकको परिमाण :**

| | | | | | |
|---|---|---|---|---|---|
| १. | ढुंगा | ६०००० | | १०००.०० | २५६००.०० |
| २. | बालुवा | ४००० | | | |
| | जम्मा | ६४००० | २५६०००.०० | | |

**(घ) कावासोती पुलबाट करिब ५० मि. देखि १०० मि. सम्म दक्षिणतिरको केरुंगे खोला किनारको पश्चिम तर्फ सृजना टोलमा रहेको परिमाण :**

| | | | | | |
|---|---|---|---|---|---|
| १. | ग्राभेल : | | | १०००.०० | ६३५२५.१६ |
| | थुप्रो नं. १ | ७३३८.२४ | | | |
| | थुप्रो नं. २ | १९८४५ | | | |
| | थुप्रो नं. ३ | १०८६६.२४ | | | |
| | थुप्रो नं. ४ | ९०३१.६८ | | | |
| | थुप्रो नं. ५ | २२६१४.४८ | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | थुप्रो नं. ६ | २७५१.८४ | | | |
| | थुप्रो नं. ७ | २४३४३.२ | | | |
| | थुप्रो नं. ८ | ३१११६.९६ | | | |
| | थुप्रो नं. ९ | ४२३३.६ | | | |
| | थुप्रो नं. १० | ५२९२ | | | |
| | जम्मा | १३७४३३.२४ | | | |
| २. | बालुवा | ३३८६.८८ | | | |
| ३. | ढुंगा : | | | | |
| | थुप्रो नं. १ | ४७६२.८ | | | |
| | थुप्रो नं. २ | १३२३० | | | |
| | जम्मा | १७९९२.८ | | | |
| | कुल जम्मा | १५८८१२.९२ | ६३५२५१.६८ | | |

**१. बोलपत्र विक्री हुने स्थान, अन्तिम मिति र समय :**

क. जिल्ला विकास समितिको कार्यालय, नवलपरासी ।

ख. प्रथम पटक सूचना प्रकाशित भएको मितिले २१औं दिन कार्यालय समय भित्र ।

**२. बोलपत्र दर्ता हुने अन्तिम मिति**

बोलपत्र बिक्री हुने अन्तिम दिनको भोलिपल्ट दिनको १२.०० बजे सम्म ।

**ठेक्का सम्बन्धी शर्तहरु :**

१. उक्त नदीजन्य पदार्थ २०७४ साल जेठ १५ भित्र उठाई सक्नु पर्ने छ।

२. माथि उल्लेखित प्रत्येक स्थानको अलग अलग बोलपत्र फारम पेश गर्नु पर्ने छ।

३. खरीद भएका बोलपत्रहरुको प्रत्येक पानामा सही छाप र शिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना र ठेक्काको नाम लेखी सूचना प्रकाशित भएको मितिले २२औं दिनको १२.०० बजे सम्म खामबन्दी गरी यस कार्यालयमा दर्ता गर्न सकिने छ।

४. दर्ता भएका शिलबन्दी बोलपत्रहरु सोही दिन २.०० बजे ठेकेदार आफै वा ठेकेदारको प्रतिनीधिको रोहवरमा खोलिने छ। सो समयमा ठेकेदार आफै वा ठेकेदारको प्रतिनीधिको उपस्थिति नभए पनि कार्यालय प्रतिनीधिको रोहवरमा टेण्डर खोल्न बांधा पर्ने छैन्।

५. टेण्डर फारम खरीद गर्ने, दर्ता गर्ने र खोल्ने दिन विदा परेमा क्रमशः सो को भोलि पल्ट कार्यालय खुलेको दिन मान्य हुने छ।

६. बोलपत्रमा कबुल रकम अंक र अक्षरमा स्पष्टसंग लेख्नु पर्ने छ। अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिइने छ।

७. बोलपत्र फारम साथ जमानत वापतको रकम जिल्ला विकास समितिको कार्यालय, नवलपरासीको रा.बा.बैंक परासी, नवलपरासीमा रहेको ३१००३००२३०२/ग-३ मा दाखिला गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी भएको कम्तीमा १२० दिन म्याद भएको (बोलपत्र बुझाउने अन्तिम मिति देखि) नेपाल सरकारको मान्यता प्राप्त बाणिज्य बैंकबाट जारी भएको निःशर्त बिडबण्ड संलग्न गर्नु पर्नेछ। यसरी पेश गरिने जमानत वापतको भौचर, रसिद वा बिडबण्ड यो सूचना प्रकाशित भएको मिति पछिको लाई मान्यता दिइने छ।

८. ठेक्का लिए वापत ठेकेदारले नेपाल सरकार र अन्य निकायलाई बुझाउनु पर्ने सम्पूर्ण कर आफैले बुझाउनु पर्ने छ।

९. टेण्डर स्वीकृत भएको सूचना पाएको मितिले सात दिन भित्र कबोल अंकको १.५% अग्रिम आयकर तथा १३% मूल्य अभिबृद्धि कर (VAT) जि.वि.स.मा बुझाउनु पर्नेछ। स्वीकृत कबोल अंक रु. १० (दश) लाख भन्दा बढीको ठेक्काको हकमा सम्झौता गर्दाको बखतमा ५०% रकम (नगदै) प्रथम किस्ता र बांकी रकमको वाणिज्य बैंकको ग्यारेण्टी पेश गर्नु पर्ने छ। बांकी ५०% रकम बढीमा दुई किस्तामा बुझाउनु पर्ने छ। स्वीकृत कबोल अंक रु. १० (दश) लाख भन्दा कम भएको ठेक्काहरुको हकमा सम्पूर्ण रकम एकमुष्ट बुझाई सम्झौता गर्नु पर्ने छ। सम्झौता गरेपछि मात्र चलन पूर्जी दिइने छ। अन्यथा धरौटी जफत हुने छ।

१०. बुंदा नं.-९ बमोजिम बांकी किस्ता रकम दुई किस्तामा बुझाउनु पर्ने छ। दोस्रो किस्ता वापत कबोल अंकको २५% रकम २०७३ चैत्र मसान्त भित्र र तेस्रो किस्ता वापत कबोल अंकको २५% ले हुने रकम २०७४ बैशाख मसान्त भित्र बुझाउनु पर्ने छ। अन्यथा प्रथम किस्ता वापतको रकम र धरौटी जफत हुने छ।

११. नेपाल सरकार र जिल्ला विकास समिति, नवलपरासीले समय-समयमा दिएको नीति, निर्देशन तथा आदेशको पालना गर्नु ठेकेदारको कर्तव्य हुने छ।

१२. कुनै कारण जनाई वा नजनाई ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार जिल्ला विकास समितिको कार्यालयमा सुरक्षित रहने छ। साथै रित नपुगी वा म्याद नाघी आएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन्।

१३. ठेक्का कबोल गर्ने ठेकेदारले जि.वि.स.ले तोकेको कर उठाउंदा प्रयोग गर्ने रसीदहरु यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नु पर्ने छ। प्रमाणित नगरेको रसीदबाट कर उठाएको उजुरी वा जानकारी आएमा नियमानुसार कार्यवाही गरिने छ।

१४. ठेक्कामा कुनै विवाद भएमा जि.वि.स.को निर्णय अन्तिम हुनेछ।

१५. उक्त नदीजन्य पदार्थ जिल्ला बाहिर निकासी गर्दा जिल्ला निकासी कर तिर्नु पर्ने छ।

१६. काबु बाहिरको परिस्थिति परी तोकिएको समयमा काम सम्पन्न नभएमा थप अवधिको लागि बैंक ग्यारेण्टी माग गरिने छ। उक्त बैंक ग्यारेण्टी दिनु बोलपत्रदाताको कर्तव्य हुने छ।
१७. यस सूचनामा नपरेका कुराहरु प्रचलित ऐन, नियम र कानून अनुसार हुने छ।

**स्थानीय विकास अधिकारी**